# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिका को कार्यालय

बडाचौर, रोल्पा

पत्र संख्या: २०८२/०८३

सूचना नम्बर: ९८१

लुम्बिनी प्रदेश, नेपाल

## पुरान जिन्सी मालसमानहरुको लिलाम् बिक्रि सम्बन्धी ७ दिने सूचना।

(प्रथम पटक सूचना प्रकाशन भएको मितिः२०८३/०२/०४ गते सोमबार)

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले ७ (सात) यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले लिलाम बढाबढमा भाग लिन सकिने छ । अन्य विस्तृत जानकारीका लागी तपसिलमा उल्लेख भए बमोजिम हुनेछ ।

तपसिल

| क्र.स | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसमान | एकाई | परिमाण | न्यूनतम जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ल्यापटप (Laptop) | थान | ६ | ७३७० | प्याकेज नं. १ न्यूनतम जम्मा मूल्य रु. २९,१६७ । |
| २ | मोनिटर (Monitor) | थान | २४ | ६७७० | |
| ३ | सि.पि.यू (Computer System Unit) | थान | १० | ५८२० | |
| ४ | प्रिन्टर(Printer) | थान | ९ | ८५०७ | |
| ५ | स्कानर(Scanner) | थान | ७ | ७०० | |
| ६ | राउटर(Router) | थान | ६ | १००.५ | प्याकेज नं. २ न्यूनतम जम्मा मूल्य रु. ५९५००.८५ । |
| ७ | चेक लेख्ने यन्त्र (Rotary Check Writer) | थान | १ | ३० | |
| ८ | भोल्टेज स्टेप्लाजर (Voltage Stabilizer) | थान | १ | ३० | |
| ९ | ई हाजिरि (E-Hajari) | थान | ३ | ९० | |
| १० | ग्याँस गिजर(Gas Geyser) | थान | १ | १५० | |
| ११ | यू.पि.स (UPS) | थान | १४ | २४३० | |
| १२ | पञ्चिङ मेशिन (punching Machine) | थान | १२ | २२५ | |
| १३ | सोलार ब्याट्री (Solar Tubler Battery) | थान | ६ | २८८०० | |
| १४ | कार ब्याट्री(Battery) | थान | २ | २८८० | |
| १५ | हेभि अफिस टेवल(Boss Table) | थान | २ | ४३५ | |
| १६ | अफिस टेवल (office table) | थान | ३ | ३८० | |
| १७ | कम्प्यूटर टेवल काठको (computer Table) | थान | २ | १८० | |
| १८ | टि-टेवल(T-Table) ग्लासको | थान | १ | १०० | |
| १९ | घुम्ने कुर्चि(बस/जाली) | थान | १२ | १९००.७५ | |
| २० | स्टिल कुर्चि (steel Chair) | थान | ६ | ३०० | |
| २१ | थ्रि सिटर (Three Seater) | थान | १ | ९०० | |
| २२ | अचार पिस्ने मिक्चर(Mixture) | थान | २ | ६० | |
| २३ | भ्याकुम किलिनर(Vacuum cleaner) | थान | २ | ४० | |
| २४ | ईलेक्टिक केट्ली(electric kettle) | थान | ३ | ८० | |
| २५ | ईलेक्टिक जग (electric jug) | थान | ६ | ९० | |
| २६ | हेलोजन हिटर (halogen Heater) | थान | १२ | १२०० | |
| २७ | स्टिल दराज (steel Daraj) | थान | ४ | २६५६ | |
| २८ | फलाम | | ३४ | १०२० | |
| २९ | सुधारिएको चुल्हो (फलाम) | थान | ५ | १५९० | |
| ३० | खोप बाकस (vaccine carrier) | थान | ११ | ३३० | |
| ३१ | भित्ते पंखा(Wall Fan) | थान | २ | २०० | |
| ३२ | भित्ते घडी (wall watch) | थान | २ | ५० | |
| ३३ | इ.एन.सि. वेड (ENC Bed) | थान | १ | ६४५ | |

अनिल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बडाचौर, रोल्पा

पत्र संख्या: २०८२/०८३

सूचना नम्बर: १३१

लुम्बिनी प्रदेश, नेपाल

| क.स | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसमान | एकाई | परिमाण | न्यूनतम जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| ३४ | इन्भटर(invertor) | थान | ११ | १७१ | |
| ३५ | फुट सक्सन (foot suction) | थान | ४ | ६३० | |
| ३६ | तौल मेशिन (Weight Machine) | थान | ३७ | १८९० | |
| ३७ | ग्यास चुल्हो(gas chulo) | थान | ३ | १८० | |
| ३८ | रक्तचाप नाप्ने उपकरण (B.P set) | थान | १५ | ३०० | |
| ३९ | पानि सुद्धिकरण उपकरण(water Purifier) | थान | २ | ४०० | |
| ४० | पानि फिल्टर (water filter) | थान | ६ | ३१३.६ | |
| ४१ | स्टेरिलाइजर(auto clave) | थान | ८ | ३९१२ | |
| ४२ | स्टेचर (Streture) | थान | १५ | २२४० | |
| ४३ | सर्जिकल ड्रम(Surgical Drum) | थान | १ | ३२ | |
| ४४ | आल्मूनियमको पिस (Aluminum Piece) | के.जि | लमसम | २२८० | |
| ४५ | काठको र्याक/टुक्रा (Piece of Wood/Rack) | थान | लमसम | २६० | |
| जम्मा | | | | ८८,६६७.८५ | |

- शिलबन्दी बोलपत्र फारम खोल्ने स्थान, समय र मिति

  (क) स्थानः लुङ्ग्री गाउँपालिका, बडाचौर रोल्पा। (ख) मिति:२०८३/०२/११ गते (ग) समय: १३:०० बजे
- लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम विक्री मूल्यबाटै सुरु हुनेछ ।
- इच्छुक बोलपत्रदाताहरूले लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,बडाचौर रोल्पाको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।
- इच्छुक बोलपत्रदाताले २०८३/०२/१० गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १०००/-(अक्षरेपी एक हजार रुपैयाँ) रकम यस कार्यालयको नेपाल बैङ्क लिमिटेड लुङ्ग्री शाखको राजश्व खाता नं. २६६०३०००००१००१००००००१ कार्यालय कोड नं (८०१०५५४०७)राजस्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचर सहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।
- बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको १७.०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।
- कार्यालयमा दर्ता भएका बोलपत्रहरू ८ औं दिनको १३:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।
- लिलाम विक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।
- बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको रकमको १०(दश) प्रतिशत रकम यस कार्यालयको नाममा रहेको नेपाल बैङ्क लिमटेड लुङ्ग्री शाखामा रहेको धरौटी खाता नं. २६६०३०००००३०००००००००१ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ ।
- बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।
- लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि २:०० बजेसम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।
- लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ७ (सात) दिनभित्र उठाई लैजानु पर्नेछ
- बोलपत्रदाताले बोलपत्र भर्दा प्याकेज बमोजिम भर्नु पर्नेछ। बोलपत्र फारामभित्र रहेको सि.न. १ देखि ५ सम्म पहिलो प्याकेज र सि.न.६ देखि ४५ सम्म दोस्रो प्याकेज मात्र पनि भर्न सकिनेछ वा संयुक्त रुपमा दुवै प्याकेज पनि भर्न सकिनेछ। बोलपत्र स्वीकृत गर्दा प्याकेजगत रूपमा नै सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

अनिल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## जिन्सी सामानहरुको लिलाम बढाबढ सम्बन्धी बोलपत्र फाराम २०८२/८३

<u>बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको</u>

नामः

ठेगानाः

मोवाईल नम्बरः

बोलपत्रदाता फर्म/व्यक्तिको छाप/ नागरिकता नं.

मूल्य रु. १०००

(बोलपत्रदाताले बोलपत्र फाराम पेश गर्दा भर्नुपर्ने निवेदन)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

विषय : बोलपत्र पेश गरेको सम्बन्धमा ।

त्यस कार्यालयको सूचना नं. .............. मितिः ....................... मा प्रकाशित सूचना अनुसार लिलाम बिक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामान तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरि पेश गरेको छु।

तपसिलः-

कबोल अङ्क

१. एकमुष्ट कबोल रकम रु. ......................................./- अक्षेरुपी .........................

२. प्याकेज भए प्याकेज अनुसार कबोल रकम
प्याकेज १ रु............................/- अक्षेरुपी .........................
प्याकेज २ रु............................./- अक्षेरुपी .........................

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको
नामः
ठेगानाः
हस्ताक्षरः
मितिः

## बोलपत्रदाता फर्म/व्यक्तिले भर्नु पर्ने विवरणहरू

१.बोलपत्रदाता फर्म वा व्यक्तिको नामः

२.प्रोपाइटर वा मुख्य कारोबार गर्ने व्यक्तिः

३.बोलपत्र साथ संलग्न कागजात

<u>फर्म संस्था वा कम्पनीको हकमा</u>

१. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. मूल्य अभिवृद्धिकर तथा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

<u>व्यक्तिको हकमा</u>

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. जमानत वापतको ..................... बैङ्कमा जम्मा गरेको रकम रु.................../- अक्षरुपी.....................

५. बोलपत्र पेश गरेको मितिः .....................

६. फर्म र व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ति गरेको भए त्यसको विवरण र संलग्न कागजात .....................

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

# लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको कबोल अङ्क

| सि.नं. | सम्पत्तिको नाम | परिमाण | सम्पत्ति भएको स्थान | कार्यालयको स्वीकृत प्रति एकाइ न्यूनतम मूल्य | | | प्रति एकाइ कबोल | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | जम्मा रकम | अंकमा | अक्षरमा | जम्मा रकम | |
| प्याकेज १ | | | | | | | | | | |
| | १ | | | | | | | | | |
| | २ | | | | | | | | | |
| | | | | | | | | | | |
| | प्याकेज १ को कुल रकम | | | | | | | | | |
| प्याकेज २ | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| प्याकेज २ को कुल रकम | | | | | | | | | | |
| | | | | | | | | | | |

<u>बोलपत्रदाता</u>

बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नामः

फर्मको छापः

मितिः

(प्याकेज अनुसार बोलपत्र माग नभएको खण्डमा प्याकेज हटाई फाराम प्रयोग गर्नु पर्नेछ ।)

# खरिद कारबाहिमा भाग लिन योग्य भएको घोषणा पत्र

जो जस सँग सम्बन्ध राख्दछ।

कुनै पनि किसिमको खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाँझिएको र पेशा सम्बन्धी कसुरमा कुनै किसिमको सजाय नपाएको व्यहोरा घोषणा गर्दछु ।

बोलपत्रदाता

बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नामः

दस्तखतः

मितिः

फर्मको छापः

## बोलपत्र मूल्याङ्कन सम्बन्धी आधार तथा तरिका

खरिद कारबाहीमा भाग लिन योग्य प्रस्ताव दाताको प्रस्ताव देहायको आधार भित्र मूल्याङ्कन गरिनेछ ।

- बोलपत्र दाताले पेश गरेको बोलपत्रको पूर्णता परीक्षण पश्चात वित्तिय तुलना गरि प्राथमिकता क्रम निर्धारण गरिनेछ।
- यस बाहेक सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ र सरकारी सम्पति तथा जिन्सी मालसमान लिलाम बिक्रि सम्बन्धी कार्यविधि, २०७९ र लुङ्ग्री गाउँपालिकाको सरकारी सम्मत्ति तथा जिन्सी मालसमान लिलाम बिक्रि सम्बन्धी कार्यविधि,२०८२ मा तोकिएका अन्य कुराहरुलाई समेत मूल्याङ्कनको आधारको रुपमा लिईनेछ ।

(बोलपत्र फाराम खरिदका लागि निवेदन)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
लुङ्ग्री गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बडाचौर, रोल्पा ।

विषय : बोलपत्र फाराम उपलब्ध गरिदिने सम्बन्धमा।

त्यस कार्यालयको सूचना नं. .............. मितिः ...................... मा प्रकाशित सूचना अनुसार लिलाम विक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको बोलपत्र फारम पेश गर्नुपरेकाले नियमानुसारको बोलपत्र दस्तुर रु १०००। (अक्षरेपी एक हजार) सहित बोलपत्र फारम उपलब्ध गरिदिनुहुन अनुरोध गर्दछु ।

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको
नामः
ठेगानाः
हस्ताक्षरः
मितिः

## बोलपत्र सम्बन्धी शर्तहरू

(१) बोलपत्र सम्बन्धी कागजात: लिलाम विक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको सम्पूर्ण विषय लागू हुनेछ। बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

(२) बोलपत्रको भाषा : लिलाम विक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ।

(३) कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ। यसरी सम्झौता गरेपश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा समावेश गर्नुपर्नेछ ।

(४) लिलाम विक्री सम्बन्धी कारबाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्थाबमोजिम हुनेछ ।

(५) बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम नेपाल बैङ्क लिमिटेड, लुङ्ग्री शाखामा रहेको लुङ्ग्री गाउँपालिकाको को धरौटी खाता नं. २६६०३०००००३०००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश यस गर्नुपर्नेछ ।

(६) बोलपत्रदाताले स्पष्टरूपमा प्रोपाइटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल, फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(७) बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

(८) कार्यालयले लिलाम विक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(९) लिलाम विक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ।

(१०) लिलाम विक्री सम्झौता सम्बन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्वारा समाधान गरिनेछ ।

(११) बोलपत्र फाराममा विभिन्न प्याकेजमा सम्पत्ति तथा मालसामान लिलाम विक्री गर्ने गरी समुहकृत गरिएकोमा प्याकेज भित्र रहेका सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कबोल गर्नु पर्नेछ। प्रत्येक प्याकेजको कुल रकममा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनौट गरिनेछ ।

(१२) लिलाम गरिने मालसामानको न्यूनतम जम्मा मूल्य रु. ८८६६७.८५/- (अक्षेरुपी अठासि हजार छ सय छैसठ्ठी रुपैयाँ पचासी पैसा मात्र) कायम गरिएको छ। बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ । साथै प्याकेजमा बोलपत्र पेश गर्न चाहने फर्म तथा व्यक्तिले प्याकेज अनुसारको न्यूनतम मूल्याङ्कित रकमलाई आधार लिई छुट्टा छुट्टै पेश गर्न सकिनेछ

(१३) बोलपत्र फाराममा उल्लेख भए अनुरूपका लिलाम विक्री गरीने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।

(१४) बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अङ्क र अक्षरमा लेखु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

(१५) लिलाम विक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैंकमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ।

(१६) बोलपत्रदाताले सम्झौतामा उल्लखित अवधिभित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ ।

(१७) लिलाम विक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ।

(१८) लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाउँबाट अर्को ठाउँमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

(१९) सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान बोलपत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(२०) सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेका कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(२१) बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

(२२) बोलपत्र सम्बन्धी शर्तहरू सम्झौताको अङ्ग हुनेछ ।

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## सम्झौता पत्र

वि.सं. २०...... गतेका दिन लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, बडाचौर रोल्पा (यसपछि "कार्यालय" भनिएको) र श्री.......................................(यसपछि "बोलपत्रदाता भनिएको) बीच लिलाम विक्री गर्न निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजाने सम्बन्धमा भएको बोलपत्र मिति २०........ को निर्णयानुसार स्वीकृत भएकोले यो सम्झौता गरिएको छ।

(१) सम्झौताको अवधि दिनको हुनेछ ।

(२) लिलाम विक्री सम्झौता रकम............... रहेको छ ।

(३) सम्झौता अवधिभित्र लिलाम कबोल गरेको सम्पुर्ण रकम नगद वा वैङ्कमा दाखिला गरी भौचर प्राप्त भएपश्चात सम्पत्ति तथा मालसामान बुझाइनेछ ।

(४) बोलपत्रदाताले सम्पत्ति तथा मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्नेछ। सम्पत्ति तथा मालसामान उठाई लैजाने सम्बन्धमा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

(५) लिलाम सकार गरेको सम्पत्ति तथा मालसामानमा ढुवानी गर्दा लाग्ने सम्पूर्ण करहरू बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ। कुनै पनि कर वापत तिरेको रकमको सोधभर्ना यस कार्यालयबाट दिइने छैन।

(६) लिलाम सकार गरेको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्रदाताले उठाउन चाहेको समय (कार्यालय समयभित्र) मा कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(७) सम्झौता अवधिभित्र लिलाम कबोल गरेको रकम बुझाई सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त उल्लघंन गरेमा धरौटी वापत राखेको रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(८) बोलपत्र फाराममा उल्लेखित बोलपत्रका शर्तहरू यस सम्झौताको अभिन्न अङ्ग रहनेछ ।

(९) यसमा उल्लेख भएका वाहेक अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित कानूनबमोजिम हुनेछ ।

| बोलपत्रदाताको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |

साक्षी रोहबर:-

१.

२.

३.